**आकाशवाणी समाचार- नेपाली**

मितिः १० अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- स्लोभाकियाको भ्रमणमा रहनुभएकी राष्ट्रपति द्रौपदी मुर्मुले हिजो ब्रातिस्लाभास्थित राष्ट्रपति भवनमा स्लोभाकियाका राष्ट्रपति पिटर पेलेग्रिनी सँग प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नुभयो।
- प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार उत्तर प्रदेश र मध्य प्रदेशको भ्रमणमा जाँदै हुनुहुन्छ। उहाँले भ्रमण भ्रमणअवधि तीन हजार 880 करोड रुपैयाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले 2008 को मुम्बई आतंकवादी हमलाका आरोपी तहव्वुर राणाको वापसी मोदी सरकारको ठूलो कूटनीतिक सफलता भएको बताउनु भएको छ।
- आज विश्व होमियोप्याथी दिवस विश्वभर मनाइँदैछ। होमियोप्याथी संसारको दोस्रो ठूलो चिकित्सा प्रणाली हो।
- आइपीएल टी-20 क्रिकेटमा हिजो राती भएको म्याचमा गुजरात टाइटन्सले राजस्थान रोयल्सलाई 58 रनले पराजीत गऱ्यो।

**राष्ट्रपतिको स्लोभाकिया भ्रमण**

स्लोभाकियाको भ्रमणमा रहेकी राष्ट्रपति द्रौपदी मुर्मुले हिजो ब्रातिस्लाभास्थित राष्ट्रपति भवनमा स्लोभाकियाका राष्ट्रपति पिटर पेलेग्रिनीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गरेकी छिन्। दुई नेताहरूले द्विपक्षीय सम्बन्धका विभिन्न पक्षहरू र साझा विश्वव्यापी तथा क्षेत्रीय हितका मुद्दाहरूमा छलफल गर्नुभयो।

****** ० ******

**प्रधानमंत्री - यूपी और एमपी**

प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार उत्तर प्रदेश र मध्य प्रदेशको भ्रमणमा जाँदै हुनुहुन्छ। उहाँले वाराणसीको भ्रमण गर्नुहुनेछ र तीन हजार 880 करोड रुपैयाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। श्री मोदीले 70 वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूलाई पहिलो पटक आयुष्मान वय वन्दना कार्ड पनि हस्तान्तरण गर्नुहुनेछ।वाराणसीमा पूर्वाधार विकास गर्ने, विशेष गरी सडक सम्पर्क बढाउने आफ्नो प्रतिबद्धता अनुरूप, श्री मोदीले यस क्षेत्रमा विभिन्न सडक परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। विद्युत पूर्वाधारलाई बढ़ावा दिँदै प्रधानमन्त्रीले वाराणसी डिभिजनको जौनपुर, चन्दौली र गाजीपुर जिल्लाको एक हजार 45 करोड रुपैयाँभन्दा बढी लागतका दुई 400 केवी र एउटा 220 केवी ट्रांसमिशन सब-स्टेशन र सम्बन्धित ट्रांसमिशन लाइनहरूको उद्घाटन गर्नुहुनेछ।मध्य प्रदेशमा, प्रधानमन्त्री मोदीले आनन्दपुर धाममा एक सार्वजनिक कार्यक्रममा भाग लिनुहुनेछ र त्यस अवसरमा उपस्थित मानिसहरूलाई सम्बोधन गर्नुहुनेछ। आनन्दपुर धाम आध्यात्मिक र परोपकारी उद्देश्यका लागि स्थापना गरिएको हो। उहाँले इसागढमा गुरुजी महाराज मन्दिरको दर्शन साथै पूजा गर्नुहुनेछ।

**शाह-तहव्वुर**

केन्द्रीय गृहमन्त्री अमित शाहले 2008 को मुम्बई आतंकवादी हमलाका आरोपी तहव्वुर राणाको वापसी मोदी सरकारको ठूलो कूटनीतिक सफलता भएको बताउनु भएको छ। उहाँले भारतका जनतालाई दुर्व्यवहार गर्ने सबैलाई फिर्ता ल्याउनु भारत

सरकारको जिम्मेवारी रहेको बताउनु भयो। एक निजी टिभी च्यानलसँग कुरा गर्दै श्री शाहले तहव्वुर राणालाई भारतीय अदालतमा मुद्दा चलाइयो भने यो देशको लागि ठूलो उपलब्धि हुनेछ भनी बताउनु भयो।

**BYTE**

तहव्वुर राणालाई विशेष विमानबाट भारत ल्याइँदै गरेको रिपोर्टको बीचमा श्री शाहको यो टिप्पणी आएको हो। राणाले आफ्नो प्रत्यर्पण विरुद्ध अपील दर्ता गरेका थिए, जुन अमेरिकी सर्वोच्च न्यायलयले खारेज गरेको थियो।केन्द्रीय गृहमन्त्रीले कांग्रेस नेता राहुल गान्धीको आलोचना गर्दै नागरिकता संशोधन ऐनको बारेमा अफवाह फैलाएको आरोप लगाउनु भयो। उहाँले राहुल गान्धी र उनका सहयोगीहरूले सीएए लागू भएपछि मुस्लिमहरूले आफ्नो नागरिकता गुमाउनेछन् भन्ने हल्ला देशभर फैलाएको आरोप लगाउनु भयो। उहाँले भन्नुभयो सीएए लागू भएदेखि एक जना पनि मुस्लिमले आफ्नो नागरिकता गुमाएका छैनन्।उहाँले भन्नुभयो कांग्रेस र भारतीय गठबन्धनले देशलाई भ्रमित गर्यो र यस मुद्दामा हिंसा भडकायो। मन्त्रीले राहुल गान्धी र प्रियंका गान्धीमाथि पनि प्रश्न उठाउनु हुँदै यदि वक्फ कांग्रेसको मुख्य मुद्दा थियो भने प्रियंका गान्धी संसदमा यसको विरुद्धमा मतदान गर्न किन आइनन्। उहाँले संसदमा वक्फ (संशोधन) विधेयकमा नबोलेकोमा राहुल गान्धीमाथि पनि प्रश्न उठाउनु भयो। श्री शाहले मोदी सरकारले देशलाई जातिवाद, भाई-भतीजावाद र तुष्टीकरणबाट मुक्त गरेको र यसलाई विकासको राजनीतितर्फ अघि बढाएको बताउनु भयो।

****** ० ******

**<u>अश्विनी-आधार</u>**

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले प्रयोगकर्ताहरूको हितलाई ध्यानमा राख्दै नयाँ आधार कानूनलाई डिजिटल व्यक्तिगत डेटा संरक्षण ऐन २०२३ सँग जोडिने बताउनु भएको छ। सामाजिक सञ्जालमा एक भिडियो पोस्टमा, मन्त्रीले जब आधार कानून लागू गरिएको थियो, कानुनी ढाँचामा धेरै कमजोरीहरू थिए तर अब ती कमजोरीहरू हटाइएको बताउनु भएको छ। आधार ऐनको आधुनिक संस्करणमा जोड दिँदै श्री वैष्णवले वर्तमान सरकारले गरिब र मध्यम वर्गका मानिसहरूको जीवनमा रूपान्तरणकारी परिवर्तन ल्याउनमा ध्यान केन्द्रित गरिरहेको बताउनु भयो।

****** ० ******

**<u>महाराष्ट्र- विशेष सार्वजनिक सुरक्षा कानून</u>**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले राज्यका विभिन्न पत्रकार संगठनहरूलाई राज्य सरकारले प्रस्ताव गरेको विशेष सार्वजनिक सुरक्षा कानून आन्तरिक सुरक्षाका लागि महत्त्वपूर्ण रहेको आश्वासन दिनुभएको छ। हिजो उहाँले प्रस्तावित कानूनमाथि आफ्नो चिन्ता व्यक्त गर्न आएका मुम्बईका विभिन्न पत्रकार संगठनका प्रतिनिधिहरूसँग कुरा गरिरहनु भएको थियो। मुख्यमन्त्रीले यो कानूनले कुनै पनि पत्रकार वा आम नागरिकलाई कुनै समस्या दिने छैन र यसले अभिव्यक्ति स्वतन्त्रताको हनन पनि गर्दैन भनी बताउनु भयो।प्रस्तावित महाराष्ट्र सार्वजनिक सुरक्षा कानूनका केही प्रावधानहरूबारे पत्रकारहरूमाझ व्यापक चिन्ता थियो। यी चिन्ताहरूलाई सम्बोधन गर्न र कानूनमा स्पष्टता प्रदान गर्न व्यापक छलफल गरियो। श्री फडणवीसले भन्नुभयो देशका अन्य भागहरूमा प्रतिबन्धित केही माओवादी संगठनहरूले महाराष्ट्रमा आफ्नो मुख्यालय स्थापना गरेका छन् र धेरै शहरी क्षेत्रहरूमा सक्रिय छन् त्यसैले यो कानून ल्याउनु आवश्यक छ।

****** ० ******

**<u>विश्व होमियोप्याथी दिवस</u>**

आज विश्व होमियोप्याथी दिवस विश्वभर मनाइँदैछ। होमियोप्याथी संसारको दोस्रो ठूलो चिकित्सा प्रणाली हो। यसले स्वास्थ्य सेवाको लागि समग्र दृष्टिकोण प्रदान गर्दछ, जसले विश्वभरका लाखौं मानिसहरूलाई यसको प्राकृतिक अभ्यासहरूको लागि आकर्षित गर्दछ। आयुष मन्त्रालयका अनुसार देशका 10 करोडभन्दा बढी मानिसहरू आफ्नो स्वास्थ्य आवश्यकताको लागि होमियोप्याथीमा भर पर्छन्।हाल देशमा तीन लाख 45 हजार पञ्जीकृत होमियोप्याथिक डाक्टर, 277 अस्पताल, आठ हजारभन्दा बढी औषधालय र 277 शैक्षिक संस्थाहरू छन्। यी संस्थानहरूले होमियोप्याथिक अभ्यासको भविष्यलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्दै, प्रत्येक वर्ष हजारौं कुशल पेशेवरहरू उत्पादन गर्छन्। होमियोप्याथीमा अनुसन्धानको निम्ति केन्द्रीय परिषद् अन्तर्गत 35 भन्दा बढी शोध केन्द्रहरूले प्रमाणमा आधारित होमियोप्याथीलाई बढावा दिंदछ।

****** ० ******

**<u>भारत-बेलायत</u>**

भारत र बेलायतले वित्तीय सेवा क्षेत्र, फिनटेक र डिजिटल अर्थतन्त्रमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ। भारत र बेलायत हिज लन्डनमा १३ औं आर्थिक तथा वित्तीय संवादमा उपस्थित थिए। केम्द्रिय बित्तमन्त्रि निर्मला सीतारमणको नेतृत्वमा रहेको भारतीय प्रतिनिधिमण्डलले बेलायती अर्थमन्त्री राहेल रिभ्सको नेतृत्वमा रहेको बेलायती प्रतिनिधिमण्डलसँग उच्चस्तरीय वार्ता गरे भने दुवै पक्षले आर्थिक विकासलाई प्रवर्द्धन गर्न दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई अझ प्रगाड बनाउनेमा जोड दिए। यसमा पारस्परिक रूपमा लाभदायक स्वतन्त्र व्यापार सम्झौता र द्विपक्षीय लगानी सन्धितर्फ निरन्तर वार्ताहरू समावेश छन्। दुवै पक्षले बेलायत-भारतको बलियो सम्बन्धले दुवै अर्थतन्त्रलाई बलियो बनाउने कुरामा पनि सहमति जनाए, जसमा व्यापार, सुदृढ आपूर्ति शृङ्खला र विश्वव्यापी चुनौतीहरूमा सहकार्य समावेश छ।

## बिर्ला-उज्बेकिस्तान

लोकसभा अध्यक्ष ओम बिर्लाले उज्बेकिस्तानका विद्वानहरूको हिन्दी र संस्कृत लगायत भारतीय भाषाहरूमा गहिरो रुचि र बुझाइको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो उज्बेक विद्वानहरूले भारतीय भाषाहरू मात्र सिकेका छैनन् तर आफ्ना विचार र साहित्य मार्फत ती भाषाहरू व्यक्त पनि गरेका छन्। श्री बिर्लाले आज उज्बेकिस्तानको तास्कन्दस्थित लाल बहादुर शास्त्री विद्यालयमा हिन्दी भाषा अध्ययन गरिरहेका भारतविद् र विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुहुँदै यो कुरा बताउनुभयो। श्री बिर्लाले उज्बेकिस्तानको तास्कन्दमा ६०० भन्दा अधिक विद्यार्थीहरूले हिन्दी सिकिरहेको कुरामा प्रकाश पार्नुभयो। श्री बिर्लाले भन्नुभयो विद्वान र विद्यार्थीहरूले आफ्नो शिक्षण र अनुसन्धान कार्य मार्फत भारत र उज्बेकिस्तान बीचको ऐतिहासिक सम्बन्धलाई बलियो बनाएका छन्।

लोकसभा अध्यक्षले उज्बेकिस्तानको ओली मजलिसको व्यवस्थापिका सदनका अध्यक्ष नुरदिन्जोन इस्माइलभसँग द्विपक्षीय वार्ता पनि गर्नुभयो। श्री बिरला १५० औं अन्तर-संसदीय संघ सभाको लागि भारतीय संसदीय प्रतिनिधिमण्डलको प्रमुखको रूपमा उज्बेकिस्तानको भ्रमणमा हुनुहुन्छ। यस अवसरमा, श्री बिर्लाले भारतको निर्वाचन व्यवस्थापन प्रणालीको पारदर्शिता र प्रभावकारितामाथि प्रकाश पार्नुभयो।

****** ० ******

## आईपीएल क्रिकेट

अहमदाबादको नरेन्द्र मोदी रंगशालामा हिजो राति भएको आईपीएल टी-२० क्रिकेटमा गुजरात टाइटन्सले राजस्थान रोयल्सलाई ५८ रनले पराजित गरेको छ। राजस्थान रोयल्सलाई जित्न २१८ रन चाहिएको थियो तर सम्पूर्ण टोली १९ ओभर र दुई बलमा १५९ रनमा अलआउट भयो। यसअघि पहिले ब्याटिङ गरेको गुजरात टाइटन्सले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै २१७ रन बनाएको थियो। गुजरात टाइटन्सका साई सुदर्शनले ५३ बलमा सर्वाधिक ८२ रन बनाए भने प्रसिद्ध कृष्णले तीन विकेट लिएर सबैभन्दा सफल बलर रहेको छ। सुदर्शनलाई उनको उत्कृष्ट पारीका लागि प्लेयर अफ द म्याच घोषित गरियो। यो जितसँगै गुजरात लगातार चार जित दर्ता गर्दै तालिकाको शीर्ष स्थानमा पुगेको छ भने राजस्थान सातौं स्थानमा छ। आज रोयल च्यालेन्जर्स बैंगलोरले दिल्ली क्यापिटल्सको सामना गर्नेछ।

****** ० ******